स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गत चैतमा अभिनेता सागर लम्साल (बले)माथि एउटा गम्भीर आरोप लाग्यो। अमेरिका बस्ने एक युवतीले उनीमाथि बलात्कारको आरोप लगाएकी थिइन्। त्यसलगत्तै उनलाई छायांकन भइरहेको फिल्म "पाँच पाण्डव"बाट निकालिएको थियो। उनलाई हटाएर निर्माताले फिल्म पुन: छायांकन गरेका थिए। फिल्मबाट आफूलाई निकालेपछि यसका निर्मातासँग असन्तुष्ट रहेका सागर अब "पाँच पाण्डव"सँग बक्स अफिसमा भिड्ने भएका छन्।

**आजको विचार...**



जलवायु...
*(दुई पेजमा)*

भीमकान्त भण्डारी

अभिनेत्री उपासना सिंह ठकुरी अभिनित नयाँ नेपाली फिल्म "जलाकी"को पहिलो झलक सार्वजनिक भएको छ। अशोक थापा मगरको निर्देशनमा बनेको फिल्मको टिजर सार्वजनिक भएसँगै उपासनाको नयाँ अवतारबारे चर्चा सुरु भएको छ। सार्वजनिक टिजरमा उपासना शिक्षिकाको भूमिकामा देखिएकी छन्। उनको बाल्यकालदेखि कलेज जीवनसम्मको यात्रा, सोनम तोप्देनसँगको प्रेमसम्बन्ध तथा आमाको सम्झनालाई टिजरमा प्रस्तुत गरिएको छ। फिल्ममा उपासना र सोनम मुख्य भूमिकामा छन्।



❐ वर्ष ३२ ❐ अंक ७२ ❐ २०८३ असोज ११ गते आइतबार 27 September 2026, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# २५ वर्षको यात्रामा मणिमुकुन्द सहकारी : बचतदेखि सामाजिक सुरक्षासम्म

**रामचन्द्र रायमाझी/कृष्ण पोखरेल**

**पाल्पा, असोज १० /** कुनै सहकारीको सफलताको कथा केवल त्यसले कति रुपैयाँ बचत गऱ्यो वा कति ऋण लगानी गऱ्यो भन्ने अंकमा मात्र सीमित हुँदैन । त्यससँग जोडिएका सदस्यका आवश्यकता, संकटका बेला पाएको साथ, सानो बचतबाट बनेका ठूला सपना र संस्थाप्रतिको विश्वासले पनि सहकारीको यात्रा मापन गर्छ । यही यात्राको २५ वर्ष पूरा गरेको छ तानसेनमा रहेको मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्था लिमिटेडले ।

संस्थाले आफ्नो २५ औं वार्षिक साधारणसभा सम्पन्न गर्दै विगतका उपलब्धि, वित्तीय अवस्था, सदस्यलाई प्रदान गर्दै आएका सेवा तथा आगामी योजनाबारे समीक्षा गरेको छ । साधारणसभामा सहभागी वक्ताहरूले संस्थाले तानसेनको सहकारी क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरे भने सहकारी क्षेत्रका




चुनौतीबारे पनि धारणा राखे । साधारणसभामा सहभागी वक्ताहरूले संस्थाले लामो समयदेखि सहकारी क्षेत्रमा पुऱ्याउँदै आएको योगदान, सदस्यकेन्द्रित सेवा तथा आर्थिक गतिविधिको चर्चा गरे । कार्यक्रमका प्रमुख अतिथि तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले तानसेन नगरभित्रका सहकारी संस्थाको अवस्थाबारे धारणा राख्दै बचतकर्ताको रकम जोखिममा पर्ने वा सहकारी भागेर जाने अवस्था नरहेको बताए । उनले तानसेनका सहकारी संस्थामा बचतकर्ताले आफूलाई आवश्यक परेको समयमा बचत रकम झिक्न सक्ने अवस्था रहेको उल्लेख गरे । सहकारीमा देखिएको दोहोरो सदस्यताको समस्या हटाउनुपर्नेमा जोड दिँदै श्रेष्ठले मणिमुकुन्द सहकारीलाई तानसेन नगरपालिकाभित्रको उत्कृष्ट सहकारी संस्थाका रूपमा चर्चा गरे । जिल्ला सहकारी संस्थाका अध्यक्ष भुपती पाण्डेले सहकारीमा रहेको दोहोरो सदस्यताका कारण ऋण असुलीमा समस्या सिर्जना भएको बताए । उनका अनुसार एउटै व्यक्ति विभिन्न सहकारीमा सदस्य भएर ऋण लिने अवस्थाले सहकारीको ऋण व्यवस्थापनमा कठिनाइ हुने गरेको छ । ठूला तथा प्रभावशाली व्यक्तिले समेत समयमा सहकारीको ऋण नतिर्ने अवस्था देखिएको उल्लेख गर्दै पाण्डेले तानसेन नगरपालिकालाई सहकारीको अनुगमन प्रभावकारी बनाउन र दोहोरो सदस्यता हटाउन कडाइ गर्न आग्रह गरे । साधारणसभामा संस्थाका सल्लाहकार तथा संस्थापक अध्यक्ष हेमन्तराज शाक्य, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष समिरमान सिंह, नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझी तथा आनन्द बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सरोजलाल शाक्यलगायतले संस्थाले गरेका कामको चर्चा गरे ।

साधारणसभामा संस्थाका अध्यक्ष मधुदयाल सैजुले तीन वर्षको वार्षिक प्रतिवेदन प्रस्तुत गरे । अध्यक्ष सैजुले आर्थिक बर्ष २०८२/०८३ मा शेयर पुँजी ३ करोड ९ लाख ४३ हजार ४ सय, आर्थिक बर्ष २०८१/०८२ मा ३ करोड १३ लाख ६३ हजार २ सय, आर्थिक बर्ष २०८०/०८१ मा ३ करोड १३ लाख ७० हजार ८ सय रुपैयाँ, संस्थाको बचततर्फ आर्थिक बर्ष २०८२/०८३ मा, ३६ करोड ५७ लाख ७४ हजार ७ सय २ रुपैयाँ, आर्थिक बर्ष २०८१/०८२ मा ३९ करोड ३ लाख ५९ हजार ३ सय ६५ रुपैयाँ, आर्थिक बर्ष २०८०/०८१ मा ४२ करोड ९२ लाख १६ हजार ४ सय ३३ रुपैयाँ रहेको साधारणसभामा जानकारी दिए । *(बाँकी अन्तिम पेजमा...)*

## संक्षिप्त समाचार

### पहिरोमा बेपत्ता महिलाको शव फेला

**पाल्पा,** असोज १० / पहिरोमा परी बेपत्ता भएकी एक महिलाको शव फेला परेको छ । जिल्लाको रिब्दीकोट गाउँपालिका-६, धुस्तुङमा शुक्रबार पहिरोमा परी बेपत्ता भएकी ५९ वर्षीया कृष्णकुमारी सारुको शव भेटिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक भीमलाल भट्टराईले बताए । शुक्रबार धुस्तुङमा पहिरो जाँदा केही घरमा क्षति पुगेको थियो । सोही क्रममा घरमा आएको पहिरोमा परी सारु बेपत्ता हुनुभएको थियो । बेपत्ता सारुको खोजी तथा उद्धारका लागि जिल्ला प्रहरी कार्यालय पाल्पाबाट प्रहरी अधिकृतसहितको संयुक्त सुरक्षा तथा उद्धार टोली घटनास्थलमा परिचालन गरिएको थियो । खोजतलास गर्ने क्रममा सारुलाई सोही स्थानमा मृत अवस्थामा फेला पारिएको प्रहरीले जनाएको छ । शवलाई पोस्टमार्टमका लागि जिल्ला अस्पताल पाल्पामा राखिएको छ । अविरल वर्षासँगै आएको पहिरोले धुस्तुङस्थित गोलफानका दुई वटा घर पूर्णरूपमा क्षति पुऱ्याएको छ । निरन्तर वर्षाका कारण घरभन्दा माथि निर्माण गरिएको नयाँ मोटरबाटोबाट लेदोसहित ढुङ्गा-माटो बगेर आउँदा स्थानीय केसुराम सारु मगर र रामबहादुर उचईका कच्ची घर पहिरोले ढलाएको प्रनाउ भट्टराईले बताए । उनका अनुसार पहिरोका कारण रामबहादुरको चार जनाको परिवार सकुशल रहेका छन् भने केसुरामको चार जनाको परिवारमध्ये उनकी श्रीमती कृष्णाकुमारी ज्यान गएको हो । परिवारका अन्य सदस्य भने सकुशल रहेका छन् ।

## तानसेन सम्पदा संरक्षण समाजको अध्यक्षमा न्यौपाने



**पाल्पा,** असोज १०/ तानसेन सम्पदा संरक्षण समाजको अध्यक्षमा पदमराज न्यौपाने सर्वसम्मत चयन भएका छन् । तानसेनको ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाको संरक्षण गर्ने उद्देश्यले स्थापना भएको समाजको प्रथम अधिवेशनले न्यौपानेको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।

जसको निवर्तमान अध्यक्ष मनमोहन श्रेष्ठ, उपाध्यक्षमा सौन्दर्य शाक्य, सचिवमा प्रकाशनाथ गोङ्गल, सहसचिवमा नवराज बस्याल र कोषाध्यक्षमा मिथुना गोङ्गल श्रेष्ठ चयन भएका छन् । त्यस्तै सदस्यहरूमा शकुन्तला बज्राचार्य, शान्ति झेडी थापा, स्वस्तिका श्रेष्ठ र सुनिता श्रेष्ठ रहेका समाजले जनाएको छ । अधिवेशनले नयाँ सदस्यता स्वीकृत गर्नुका साथै काठमाडौं संयोजकको जिम्मेवारी नवीन गोविन्द श्रेष्ठलाई दिने निर्णयसमेत अनुमोदन गरेको छ । अध्यक्षमा चयन भएसँगै न्यौपानेले शितलपाटीसँगको कुराकानीमा तानसेनको इतिहास, मौलिकता, संस्कृति तथा पुराना सम्पदाको संरक्षण गर्दै तिनलाई भावी पुस्तासम्म हस्तान्तरण गर्ने बताए । उनले तानसेनका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको खोज, संरक्षण, अभिलेखीकरण तथा प्रवर्द्धनका लागि आवश्यक पहल गर्ने समेत प्रतिवद्धता जनाए । उनी शितलपाटी डटकम र नवजनचेतना राष्ट्रिय दैनिक पत्रिकाका नियमित स्तम्भकार समेत हुन् । मनमोहन श्रेष्ठको अध्यक्षतामा भएको अधिवेशनले समाजको सांगठनिक तथा आर्थिक (लेखापरीक्षण) प्रतिवेदनसमेत पारित गरेको छ ।

## आजदेखि सोह्रश्राद्ध सुरु

**पाल्पा,** असोज १०/ हिन्दू धर्मावलम्बीको महत्वपूर्ण पितृकार्यअन्तर्गत पर्ने सोह्रश्राद्ध आजदेखि सुरु भएको छ । आश्विन कृष्ण प्रतिपदादेखि औँसीसम्म मनाइने सोह्रश्राद्धका क्रममा दिवंगत पितृहरूको सम्झनामा श्राद्ध, तर्पण तथा पिण्डदान गर्ने परम्परा रहेको छ ।

सोह्रश्राद्धमा दिवंगत पितृका नाममा तर्पण, सिदादान र पिण्डदान गरिन्छ । आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका सोह्रवटा तिथिमा दिवंगत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले यो पक्षलाई पितृपक्ष एवं सोह्रश्राद्धसमेत भन्ने गरिएको हो । चाडपर्व यज्ञयज्ञादि तथा ठूला कार्य गर्नुअघि पितृलाई श्रद्धाभक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्पराअनुसार सोह्रश्राद्ध गर्ने गरिएको हो । यस समयमा पितृले आस गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता



छ । पितृपक्षका वेलामा पितृलोकबाट दिवंगत पितृहरू पिण्ड, पानीको आसले मर्त्यलोकमा झर्छन् भनी धर्मशास्त्रका हेमाद्रि, वीरमित्रोदय, निर्णयसिन्धुलगायत ग्रन्थमा उल्लेख गरिएको छ । हाम्रो समाज पितृप्रधान रहेकाले मूल पुरुषको तिथीमा अन्य पूर्खालाई स्मरण गरी श्राद्ध गरिने परम्परा रहेको छ । एकतिष्ट, पार्वानी, महालयलगायत श्राद्ध प्रचलनमा छ । सोह्रश्राद्धलाई महालय पनि भनिन्छ । श्राद्ध भनेको दिवंगत आत्मालाई श्रद्धार्पण गर्ने काम हो । सोह्रश्राद्धको वैदिक संस्कृतिमा विशेष महत्व छ । यस अवसरमा शास्त्रीय रूपमा दिइएका विकल्प अनुसारका कर्म नगरे पितृ सुस्केरा निकाली सन्तानलाई श्राप दिई फर्कन्छन् भन्ने वाक्य ती ग्रन्थमा उल्लेख छ । **(बाँकी अन्तिम पेजमा...)**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## पर्यटनको विकासका लागि ठोस पहल आवश्यक

हरेक वर्ष सेप्टेम्बर २७ मा विश्व पर्यटन दिवस मनाइन्छ । आज पनि नेपालसहित विश्वभर यो दिवस मनाइँदै छ । सन् १९९७ को सयुक्त राष्ट्रसंघीय अवधारणा बनेपछि सन् १९८० देखि सेप्टेम्बर २७ का दिन विश्वभर विविध कार्यक्रम गरी यो दिवस मनाउन थालिएको हो । पर्यटन केवल घुमफिर र मनोरञ्जनको माध्यम मात्र होइन, यो रोजगारी सिर्जना, स्थानीय उत्पादनको प्रवर्द्धन, सांस्कृतिक आदान–प्रदान र आर्थिक विकासको महत्वपूर्ण आधार हो । प्राकृतिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न नेपालका लागि पर्यटन अझ विशेष महत्वको क्षेत्र हो ।

नेपाल एउटा पर्यटकीय गन्तव्य हो, हिमश्रृंखलाहरू, मनोरम हरियाली, जैविक अनि सांस्कृतिक विविधतालगायत शान्तिप्रिय बुद्धभूमिका शालीन हामी नेपालीहरू नै नेपालको गहना हो । तर गहनाहरुको उचित संरक्षण र प्रचार प्रसार हुन सकेको छैन् । नेपाल हिमाल, पहाड र तराईको विविध भूगोलसँगै अनेकौँ जातजाति, भाषा, संस्कृति, कला, परम्परा र ऐतिहासिक सम्पदाले समृद्ध छ । सगरमाथादेखि लुम्बिनी, पोखरादेखि चितवन र जनकपुरदेखि मुस्ताङसम्मका गन्तव्यले नेपाललाई विश्व पर्यटनको नक्सामा स्थापित गरेका छन् । तर यति ठूलो सम्भावना हुँदाहुँदै पनि पर्यटन क्षेत्रले अपेक्षित गति लिन नसक्नु चुनौतीको विषय हो । पर्यटन प्रवर्द्धनका लागि केवल आकर्षक गन्तव्य हुनु पर्याप्त हुँदैन । गुणस्तरीय सडक तथा हवाई पूर्वाधार, सुरक्षित र भरपर्दो यातायात, स्वच्छ वातावरण, पर्यटकमैत्री सेवा, दक्ष जनशक्ति र प्रभावकारी प्रचार–प्रसार आवश्यक हुन्छ । त्यसैगरी पर्यटकीय क्षेत्रमा फोहोर व्यवस्थापन, प्राकृतिक सम्पदाको संरक्षण र स्थानीय संस्कृतिको सम्मानलाई पनि प्राथमिकतामा राख्नुपर्छ । नेपालको पर्यटन विकासमा स्थानीय समुदायको सहभागिता झनै महत्वपूर्ण छ । पर्यटनबाट हुने आम्दानीको लाभ स्थानीय बासिन्दासम्म पुग्न सकेमा यसले रोजगारी र उद्यमशीलता बढाउनुका साथै गाउँ–गाउँको आर्थिक गतिविधिलाई चलायमान बनाउन सक्छ । कृषि, हस्तकला, घरेलु उत्पादन, मौलिक परिकार र स्थानीय संस्कृतिलाई पर्यटनसँग जोड्न सके पर्यटनको लाभ अझ व्यापक बनाउन सकिन्छ । त्यसैगरी अबको पर्यटन विकास वातावरणमैत्री र दिगो हुन आवश्यक छ । नेपालको प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र मौलिक पहिचानलाई जोगाउँदै विश्वभरका पर्यटकका लागि सुरक्षित, आकर्षक र जिम्मेवार गन्तव्यका रूपमा नेपाललाई स्थापित गर्न सरकार र सम्बन्धित निकायबाट अब ठोस कदम चाल्न जरुरी छ ।

### Opinion @ Social Network

कसैको सफलता चाँडो भयो भन्दैमा तिम्रो क्षमता कम हुदैन,
ढिलो फुल्ने फुलहरु प्राय सबैभन्दा सुन्दर हुन्छन्।
*(नुर अर्गालीको फेसबुक स्टाटसबाट www.facebook.com/Nur.Argali)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ‘ग्रे लिस्ट’बाट निस्कन नेपालले कसको सहयोग लिने ?



## भीमकान्त भण्डारी

*नेपालमा यस क्षेत्रमा काम गरेका सक्षम सरकारी कर्मचारी, बैकिङ विज्ञ, अनुसन्धानकर्ता र कानुन व्यवसायी छन्। तर ग्रे लिस्ट को कार्ययोजना पूरा गर्न विभिन्न निकायको कामलाई एउटै प्रमाणमा जोड्नुपर्छ। बैंकले जोखिमअनुसार निगरानी गरेको विवरण, वित्तीय सूचना इकाइले दिएको जानकारी, अनुसन्धानकर्ताले त्यसलाई कसरी प्रयोग गरे भन्ने अभिलेख, चलाइएका मुद्दा र अपराधबाट आएको सम्पत्तिमा गरिएको कारबाही आपसमा मिल्नुपर्छ। एउटा निकायले राम्रो काम गरेर पनि त्यसको परिणाम अर्को निकायसम्म नपुगे सुधार देखाउन कठिन हुन्छ। मेरो विचारमा अनुभवी तेस्रो पक्षको सहयोग यही ठाउँमा उपयोगी हुन सक्छ। नेपालले पहिले ग्रे लिस्टबाट निस्केका देशमा काम गरिसकेका विज्ञ, आवश्यक विशेषज्ञता भएका स्वदेशी पेसेवर र विदेशमा रहेका नेपालीलाई समेटेर निश्चित अवधिको टोली बनाउन सक्छ।*

केही दिनअघि केन्या भ्रमणका क्रममा त्यहाँको बैकिंङ क्षेत्रमा काम गर्ने साथीसँग कुराकानी भयो। केन्या पनि फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) को ग्रे लिस्टमा छ। उनले अन्तर्राष्ट्रिय कारोबारमा बढेका प्रश्न, कागजात जाँच र लगानीकर्ताको सतर्कताबारे सुनाए। नेपाली पासपोर्ट बोकेर विदेशमा काम गर्दा मैले पनि यस्तै असहजता महसुस गरेको छु। फिनटेक क्षेत्रमा काम गर्ने भएकाले ग्राहक पहिचान, रकमको स्रोत र कारोबारको बाटोबारे थप विवरण मागिनु स्वाभाविक लाग्छ। तर देशको वित्तीय प्रणालीमाथि प्रश्न उठ्दा वैध कारोबार गर्ने व्यक्तिले समेत आफ्नो विश्वासयोग्यता पटकपटक प्रमाणित गर्नुपर्ने अवस्था पीडादायी हुन्छ। नेपालमा लगानी गर्न इच्छुक विदेशी पक्षसँग छलफल गर्दा रकम कसरी भित्र्याउने र बैंकबाट कस्ता प्रश्न आउलान् ? भन्ने चिन्ता पनि सुनेको छु। प्रत्येक रोकावट ग्रे लिस्ट कै कारण आएको हो भन्न मिल्दैन। एफएटीएफले ग्रे लिस्टमा रहेका देशका सबै नागरिकमाथि अनिवार्य रूपमा कडा जाँच गर्न वा कारोबार बन्द गर्न भनेको पनि छैन। उसले जोखिमअनुसार जाँच गर्न भनेको छ। तैपनि अन्तर्राष्ट्रिय छवि बिग्रिँदा त्यसको व्यावहारिक बोझ नागरिक, उद्यमी र सम्भावित लगानीकर्तासम्म पुग्छ। नेपाल यसअघि पनि एफएटीएफको निगरानी प्रक्रियामा थियो र सन् २०१४ मा त्यसबाट बाहिरिएको थियो। फेब्रुअरी २०२५ मा पुन: ग्रे लिस्टमा पर्‍यो। जुन २०२६ मा प्रकाशित सूचीमा नेपाल र केन्यासहित २२ क्षेत्र ग्रे लिस्ट मा छन्।

उत्तरकोरिया, इरान र म्यानमार गरी तीन क्षेत्र उच्च जोखिमको सूचीमा छन्ह जसलाई प्राय: ब्ल्याक लिस्ट भनिन्छ। यी फरक प्रकृतिका सूची हुन्। नेपाल फेरि ग्रे लिस्ट बाट निस्कन सक्छ प्रश्न त्यसका लागि चाहिने काम कति छिटो र कति विश्वसनीय रूपमा गर्छ ? भन्ने हो।

### यूएईले करिब दुई वर्षमा कसरी गर्‍यो ?

संयुक्त अरब इमिरेट्स सन् २०२२ मा ग्रे लिस्ट मा पर्‍यो र फेब्रुअरी २०२४ मा बाहिरियो। एफएटीएफका अनुसार उसले शंकास्पद कारोबारको जानकारी, वित्तीय सूचनाको प्रयोग, अन्तर्राष्ट्रिय अनुसन्धान सहयोग, नियामकीय कारबाही र सम्पत्ति शुद्धीकरणका मुद्दामा प्रगति देखायो। सरकारी नेतृत्वले विभिन्न निकायको कामलाई एउटै लक्ष्यतर्फ अघि बढायो। यसबाट दुई वर्षभित्र नतिजा आउन सम्भव छ भन्ने देखिन्छ। तर नेपालले त्यही समयसीमा स्वत: पाउँछ भन्ने अर्थ लाग्दैनह सुधारको परिणाम देखाउनुपर्छ। बाह्य सहयोगको स्पष्ट उदाहरण मरिसस हो। सन् २०२० मा त्यहाँको सरकारले संसद्मा दिएको जानकारीअनुसार एफएटीएफ कार्ययोजनामा सघाउन प्राविधिक सहयोग कार्यक्रमअन्तर्गत १० परामर्शदाता संलग्न थिए। उनीहरूले कुन संस्थाले के काम गर्ने भन्ने योजना, कानुनी सुधारसम्बन्धी सुझाव र तालिम सामग्री बनाउन सहयोग गरे। मरिसस अक्टोबर २०२१ मा ग्रे लिस्ट बाट बाहिरियो। दक्षिण अफ्रिकाले जोखिम मूल्याङ्कनका लागि युरोपेली सैको प्राविधिक सहयोग लिएको थियो। नाइजेरियाको सुधार प्रयासमा अन्तर्राष्ट्रिय मुद्रा कोषले सहयोग गरेको विवरण पनि सार्वजनिक छ। यी अनुभवबाट नेपालले अनुभवी विज्ञको सहयोग कसरी उपयोग गर्ने ? भन्ने सिक्न सक्छ।

### नेपालमा तेस्रो पक्षको सहयोग किन आवश्यक छ ?

नेपालमा यस क्षेत्रमा काम गरेका सक्षम सरकारी कर्मचारी, बैकिङ विज्ञ, अनुसन्धानकर्ता र कानुन व्यवसायी छन्। तर ग्रे लिस्ट को कार्ययोजना पूरा गर्न विभिन्न निकायको कामलाई एउटै प्रमाणमा जोड्नुपर्छ। बैंकले जोखिमअनुसार निगरानी गरेको विवरण, वित्तीय सूचना इकाइले दिएको जानकारी, अनुसन्धानकर्ताले त्यसलाई कसरी प्रयोग गरे भन्ने अभिलेख, चलाइएका मुद्दा र अपराधबाट आएको सम्पत्तिमा गरिएको कारबाही आपसमा मिल्नुपर्छ। एउटा निकायले राम्रो काम गरेर पनि त्यसको परिणाम अर्को निकायसम्म नपुगे सुधार देखाउन कठिन हुन्छ। मेरो विचारमा अनुभवी तेस्रो पक्षको सहयोग यही ठाउँमा उपयोगी हुन सक्छ। नेपालले पहिले ग्रे लिस्टबाट निस्केका देशमा काम गरिसकेका विज्ञ, आवश्यक विशेषज्ञता भएका स्वदेशी पेसेवर र विदेशमा रहेका नेपालीलाई समेटेर निश्चित अवधिको टोली बनाउन सक्छ। उनीहरूको काम कमजोरी पहिचान गर्ने, निकायअनुसार जिम्मेवारी र समयसीमा तोक्न सघाउने, कर्मचारीलाई व्यावहारिक तालिम दिने र प्रगतिको प्रमाण व्यवस्थित गर्न मद्दत गर्ने हुनुपर्छ। यस्तो टोली सरकारी निकायसँग प्रत्यक्ष काम गर्ने र नियमित रूपमा नतिजा बुझाउने गरी परिचालन गर्न सकिन्छ। भाषा र सम्बन्धको कठिनाइ पनि सधैं प्राविधिक समस्या मात्रै हुँदैन। अन्तर्राष्ट्रिय निकायको अपेक्षा बुझ्ने, नेपालका संस्थाको काम गर्ने तरिका जान्ने र दुवै पक्षसँग विश्वासपूर्वक संवाद गर्न सक्ने व्यक्तिले समन्वय छिटो बनाउन सक्छन्। सरकारसँग अहिले प्रत्यक्ष रूपमा संलग्न नभए पनि यस क्षेत्रमा पहिले काम गरेका योग्य व्यक्तिको अनुभव उपयोगी हुन्छ। तर व्यक्तिगत चिनजान नियुक्तिको एकमात्र आधार बन्नुहुँदैन। विशेषज्ञता, विगतको काम, सम्भावित स्वार्थ र दिन सक्ने परिणाम हेर्नुपर्छ। परामर्श सहयोगको मूल्य पनि त्यसले छाड्ने क्षमताबाट नाप्नुपर्छ। विज्ञको सम्झौता सकिएपछि समेत नेपाली निकायले जोखिम मूल्याङ्कन, सूचना आदानप्रदान, अनुसन्धान र प्रतिवेदनको काम आफैं निरन्तर गर्न सक्नुपर्छ। सरकारले सही व्यक्तिको सहयोग लिएर आृना संस्थालाई परिणाम दिन सक्षम बनाउनुपर्छ।

### मुद्दाको संख्या र न्यायको गुणस्तर

जुन २०२६ को एफएटीएफ कार्ययोजनामा नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान र अभियोजन बढाउन, महत्वपूर्ण अवैध हुन्डी सञ्चालक पहिचान गरी कारबाही गर्न तथा अपराधबाट आर्जित सम्पत्ति पहिचान, रोक्का र जफत गर्ने क्षमता देखाउन भनिएको छ। बैकिङ, बढी जोखिम भएका सहकारी, क्यासिनो, बहुमूल्य धातु र पत्थरको कारोबार तथा घरजग्गामा जोखिमअनुसार निगरानी पनि अपेक्षित छ। नेपालले कानुन बनेको मात्र देखाएर पुग्दैनह ती कानुन व्यवहारमा कसरी लागू भए ? भन्ने प्रमाण चाहिन्छ। तर मुद्दाको संख्या बढाउने नाममा राज्यले प्रमाणको मापदण्ड घटाउन मिल्दैन। इच्छा लाग्यो भन्दैमा कसैलाई लक्षित गर्ने, पर्याप्त अनुसन्धान नगरी मुद्दा चलाउने वा अभियोजनलाई बदला लिने साधन बनाउने कामले नागरिकको विश्वास तोड्छ । अदालतमा प्रमाण नपुगेर मुद्दा टिकेन भने अनुसन्धान र अभियोजनमा कहाँ कमी रह्यो ? भनेर समीक्षा गर्नुपर्छ। अदालतबाट सफाइ पाएका सबै मुद्दा दुर्भावनापूर्ण थिए भन्ने निष्कर्ष निकाल्न पनि मिल्दैन समीक्षा तथ्यका आधारमा हुनुपर्छ। अर्कोतर्फ, शक्ति र पहुँच भएका व्यक्तिविरुद्ध प्रमाण हुँदाहुँदै मुद्दा नचलाउने वा अनुचित रूपमा फिर्ता लिने, कमजोर व्यक्तिलाई मात्र पछ्याउने अभ्यास पनि स्वीकार्य हुँदैन। राज्य नागरिकप्रति जिम्मेवार हुनुपर्छ। आरोप लागेको व्यक्तिको अधिकार, पीडितको न्याय र सार्वजनिक सम्पत्तिको संरक्षणलाई एउटै निष्पक्ष प्रक्रियाले सम्हाल्नुपर्छ। विदेशमा विश्वास जित्ने आधार देशभित्रै प्रमाणका आधारमा समान रूपमा कानुन लागू गर्नु हो। डिजिटल कारोबारमा पनि यही सोच आवश्यक छ। एफएटीएफको ट्राभल रुलले सम्बन्धित भर्चुअल सम्पत्ति सेवाप्रदायकलाई सम्पत्ति पठाउने र पाउने व्यक्तिको तोकिएको विवरण प्राप्त र सुरक्षित राख्न तथा आवश्यक रूपमा पठाउन भन्छ। यसले शकांस्पद कारोबार पछ्याउन मद्दत गर्छ। रकमको वैध स्रोत पुष्टि गर्न भने ग्राहक पहिचान, कारोबारको इतिहास र आवश्यक कागजात छुट्टै जाँच्नुपर्छ। नयाँ प्रविधिमा जोखिम बुझ्ने क्षमता पनि राज्य र वित्तीय क्षेत्रले विकास गर्नुपर्छ।

ग्रे लिस्टबाट निस्कने काम दुई वर्षमा सम्भव हुन सक्छ, तर समय मात्रै बितेर देश सूचीबाट हट्दैन। सरकारले स्पष्ट कार्ययोजना बनाएर कुन निकायले के गर्ने ? कहाँ बाह्य विशेषज्ञता चाहिने ? र उपलब्धिको प्रमाण कसरी राख्ने ? भन्ने तय गर्नुपर्छ। न्यायपूर्ण अनुसन्धान, पहुँचका आधारमा नबदलिने निर्णय र निकायहरूबीच वास्तविक समन्वय त्यसको केन्द्रमा हुनुपर्छ। केन्यामा सुनेको पीडा र नेपाली पासपोर्टसँग जोडिएको मेरो अनुभवलाई सम्बोधन गर्ने बाटो यही हो- आफ्ना नागरिकलाई निष्पक्ष व्यवहार गर्ने र विश्वले भरोसा गर्न सक्ने काम गरेर देखाउने।

***(लेखक वित्त, डिजिटल वित्त, वित्तीय प्रविधि तथा हरित ऊर्जा वित्तका क्षेत्रमा संलग्न छन्।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : युवाहरू करियरलाई लिएर चिन्तित रहनुहुनेछ। साधनमा धन खर्चका योग छन्।
**वृष** : व्यापारिक नयाँ अनुबन्ध मिल्नाले मन प्रसन्न रहनेछ। प्रेमको बन्धन कसिनेछ।
**मिथुन** : मेहनतले कार्यमा सफलता दिलाउनेछ। धैर्यले कार्य सम्पादन हुनेछ।
**कर्कट** : कामको मेसो नमिल्दा पछाडि पर्नुहोला। दाम्पत्य जीवन सुमधुर रहनेछ।
**सिंह** : सामूहिक जिम्मेवारी एक्लै वहन गर्नुपर्ला। मेहनतले अवसर पुन: प्राप्त होला।
**कन्या** : साहसिक कार्य गर्ने समय रहेको छ। आलस्य गर्नदेखि बच्नुहोस्।
**तुला**: कार्य सम्पादन गर्नमा सफल भइनेछ। बच्चाहरूसँग मनोरंजनात्मक समय बित्नेछ।
**वृश्चिक** : समाजमा प्रतिष्ठा बढ्नेछ। विद्यार्थीको बौद्धिक स्तर विकास हुनेछ।
**धनु** : नयाँ कामहरू हात लागि पर्नेछन्। मठमन्दिर र देवस्थानमा यात्रा हुन सक्ला।
**मकर** : स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। लागिरहेको रोग बढ्नेछ।
**कुम्भ**: व्यापारमा मनग्य लाभ कमाइनेछ। पायकपर्ने ठाउँको यात्रा हुनसक्ला।
**मीन** : लेनदेनमा असफलता हात लाग्नेछ। व्यवसायमा पारदर्शिता राख्नुहोस्।

## कृषि

# हतुवागढी गाउँपालिकामा प्रविधिमैत्री तरकारीखेती, टनेल र पोखरी निर्माणमा अनुदान



भोजपुरको दक्षिण क्षेत्रमा अवस्थित हतुवागढी गाउँपालिकाले स्थानीय किसानको आयआर्जन बढाउँदै उनीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ प्रविधिमैत्री तरकारीखेतीमा जोड दिएको छ । परम्परागत तथा निर्वाहमुखी खेती प्रणालीलाई विस्थापित गर्दै आधुनिक प्रविधि, नयाँ ज्ञान र व्यावसायिकतातर्फ किसानलाई आकर्षित गर्न गाउँपालिकाले अनुदान र प्राविधिक सहयोगका कार्यक्रम निरन्तर सञ्चालनमा ल्याएको हो । गाउँपालिकाले कृषि क्षेत्रको चौतर्फी विकास र स्थानीय किसानको जीवनस्तर सुधारका लागि विशेष ध्यान दिँदै अघिल्लो आर्थिक वर्षमा रु पाँच लाख बजेट विनियोजन गरेर ६२ वटा प्लास्टिक टनेल निर्माणमा किसानलाई अनुदान सहयोग उपलब्ध गराएको थियो । मौसमी तथा बेमौसमी तरकारीखेतीका लागि प्लास्टिक टनेल निकै उपयोगी र प्रभावकारी हुने भएकाले किसानकै माग र आवश्यकताका आधारमा सहयोग उपलब्ध गराइएको कृषि विकास शाखा प्रमुख ज्योति देवानले बताए । त्यसैगरी, तरकारीखेतीका लागि सिँचाइ सुविधालाई सहज, दिगो र व्यवस्थित बनाउन गाउँपालिकाले अघिल्लो आर्थिक वर्षमा रु चार लाख बजेट विनियोजन गरी १७ वटा प्लास्टिक पोखरी निर्माण गरेको शाखा प्रमुख देवानले जानकारी दिए । यो आधुनिक प्रविधिबाट वर्षाको पानी सङ्कलन गरी सुक्खा याममा समेत सहज रूपमा सिँचाइ गर्न सकिने भएकाले किसानलाई बाह्रैमास तरकारीखेती गर्न राहत मिलेको छ । चालु आवमा पनि गाउँपालिकाले किसानलक्षित कार्यक्रमलाई थप प्रभावकारी र व्यापक रूपमा निरन्तरता दिने भएको छ । यस आवमा प्लास्टिक टनेल निर्माणका लागि रु पाँच लाख र प्लास्टिक पोखरी निर्माणका लागि रु पाँच लाख गरी कुल रु १० लाख बजेट विनियोजन गरिएको छ । विनियोजित बजेटमार्फत गाउँपालिकाभित्रका थप किसानलाई आधुनिक र प्रविधिमैत्री तरकारीखेतीमा जोड्ने कार्यक्रम सञ्चालन हुने कृषि विकास शाखाले जनाएको छ । कृषि क्षेत्रमा विनियोजन गरिएको बजेट वास्तविक तथा मिहिनेत गर्ने किसानसम्म पुऱ्याउन अनुगमन तथा कार्यान्वयनको पाटोमा कडाइ गरिएको गाउँपालिकाले जनाएको छ । किसानको व्यावसायिक योजनाका आधारमा मात्र अनुदान सहयोग वितरण गरिँदै आएको छ । बजेटको दुरुपयोग रोक्नका लागि किसानले प्लास्टिक टनेलका लागि आवश्यक पर्ने बाँसको संरचना वा घर र प्लास्टिक पोखरीका लागि खाल्डो आफैँ खनेर तयार गरेपछि मात्र अनुदान उपलब्ध गराउने गरिएको शाखा प्रमुख देवानले बताए । किसान स्वयंको श्रम र लगानी सहभागी भएपछि मात्र अनुदान रकम निकासा हुने भएकाले यो कार्यक्रम थप दिगो, प्रभावकारी र फलदायी बन्ने गाउँपालिकाको भनाइ छ । गाउँपालिकाबाट आवश्यक अनुदान, प्राविधिक परामर्श र सिँचाइ पूर्वाधार सहयोग प्राप्त भएपछि स्थानीय किसान व्यावसायिक तरकारीखेतीतर्फ उत्साहित भएका छन् । प्लास्टिक टनेलमा बेमौसमी तरकारी उत्पादन गरी स्थानीय तथा बाह्य बजारमा बिक्रीवितरण गर्न सहज भएको हतुवागढी-६ का स्थानीय किसान जगत राईले बताए । किसानलाई तरकारीखेतीका लागि गाउँपालिकाले सञ्चालन गरिरहेको काम प्रभावकारी रहेको र यस अभियानले युवालाई वैदेशिक रोजगारीमा जानबाट रोक्दै स्वदेशमै स्वरोजगार बनाउन सहयोग पुऱ्याउने धारणा उनले व्यक्त गरे । स्थानीयस्तरमै रोजगारीका नयाँ अवसर सृजना गर्दै गाउँपालिकालाई तरकारी उत्पादनका क्षेत्रमा पूर्ण रूपमा आत्मनिर्भर बनाउन कृषि क्षेत्रलाई प्राथमिकतामा राखिएको गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले बताए । प्लास्टिक टनेल र सिँचाइ पोखरी बनेपछि किसानले सहज रूपमा तरकारी उत्पादन गर्न सक्ने उल्लेख गर्दै उनले भने, 'गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउँदै किसानको आर्थिक अवस्था सबल बनाउनु नै हाम्रो मुख्य प्राथमिकता र दायित्व हो ।' पुराना र परम्परागत शैलीबाट खेती गर्दा धेरै श्रम र समय लागे पनि सोचेजस्तो प्रतिफल प्राप्त नहुने भएकाले आधुनिक प्रविधिमा आधारित व्यावसायिक तरकारीखेतीमा विशेष जोड दिइएको अध्यक्ष राईको भनाइ छ । आगामी दिनमा पनि किसानको आवश्यकता र बजारको मागका आधारमा अनुदान, प्राविधिक तालिम, बीउबिजन र आधुनिक औजार हस्तान्तरणका कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी बनाउने लक्ष्य रहेको जानकारी उनले दिए । *-रासस*


# पशुपंक्षीको महामारी नियन्त्रणका लागि नयाँ कानुनी ढाँचा अपरिहार्य



कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले पशुपक्षीमा लाग्ने महामारीजन्य रोग नियन्त्रणका लागि नयाँ कानुनी ढाँचा अपरिहार्य रहेको बताएकी छन् । प्रतिनिधि सभाको बुधवारको बैठकमा राष्ट्रिय सभाबाट पारित भई आएको 'सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक, २०८३' माथिको छलफलमा भाग लिँदै उनले देशको पशुपालन व्यवसाय र अन्तर्राष्ट्रिय निर्यातको सुरक्षाका लागि विद्यमान पशु स्वास्थ्य ऐन, २०५५ पर्याप्त नभएको स्पष्ट पारिन् । नेपालमा करिब ३४ लाख परिवार पशुपालनमा आश्रित रहेका र उनीहरूले दैनिक ७३ लाख लिटर दूध, १२ लाख ५० हजार केजी मासु तथा ४८ लाख अण्डा उत्पादन गर्दै ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाएको तथ्याङ्क उनले पेस गरिन् । यद्यपि, लम्पी स्किन, अफ्रिकन स्वाइन फिभर र बर्ड ्लुजस्ता महामारीले बर्सेनि ठुलो आर्थिक क्षति पुऱ्याउँदै आएकाले नयाँ कानुन आवश्यक परेको उनको भनाइ छ । मन्त्री चौधरीले वर्तमान कानुन सँघीय संरचनाअनुकूल नभएकाले तीन तहका सरकारबिच समन्वयको अभावमा रोग नियन्त्रणमा जटिलता देखिएको बताइन् । नयाँ विधेयकले रोगको शीघ्र पहिचान, सूचना सम्प्रेषण, नियन्त्रणका लागि द्रुत प्रतिकार्य टोली परिचालन र 'एक स्वास्थ्य' को अवधारणा कार्यान्वयन गर्ने लक्ष्य लिएको छ । विधेयकमा रोग नियन्त्रणका लागि प्रदेश र स्थानीय तहको स्पष्ट भूमिका, सँघीय सरकारको नेतृत्वमा चेन अफ कमान्ड, रोग लुकाउने वा ओसारपसार नियन्त्रणको आदेश उल्लैन गर्नेलाई दण्डको व्यवस्था तथा किसानका लागि राहत र क्षतिपूर्ति कोष समावेश गरिएको छ । मन्त्री चौधरीका अनुसार पशुजन्य उत्पादनको निर्यातलाई प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय मापदण्डअनुसार छुर्पी र क्वारेन्टिन प्रमाणपत्रको व्यवस्था पनि विधेयकले सुनिश्चित गर्नेछ । गत वर्ष मात्रै करिब पाँच अर्ब रुपैयाँ बराबरको छुर्पी ३४ देशमा निर्यात भएको जानकारी दिँदै उनले यो विधेयकले मुलुकको आर्थिक सुदृढीकरणमा थप सहयोग पुऱ्याउने विश्वास व्यक्त गरिन् ।

*-रातोपाटी डटकम*

# चर्को महँगी खेपेका उपभोक्तालाई केरामा राहत



काठमाडौंका खुद्रा फलफूल पसल अगाडि हिजोआज सेतो बोर्डमा ठूला अक्षरमा लेखिएको देख्न सकिन्छ- 'केरा प्रतिदर्जन १०० !' केही महिनाअघि यिनै पसलमा एक दर्जन केराको भाउ सोध्दा तर्सिएर हिँड्ने उपभोक्ता अहिले यस्ता बोर्ड देखेर मुसुक्क हाँस्दै पसलभित्र छिर्न थालेका छन् । मंगलबार साँझ नयाँ बानेश्वरस्थित एक फलफूल तथा तरकारी पसलमा झोला बोकेर आइपुगिन् गृहिणी अनिता शर्मा । उनले पसल बाहिरको बोर्ड हेरिन्, अनि पहेँलपुर भएर पाकेका केरा नियालिन् । मूल्य पढेर पनि अलि पत्यार नलागे झैं उनले पसलेलाई सोधिन्, 'यो बोर्डमा सय रुपैयाँ लेखिएको छ, पक्का सय रुपैयाँ नै हो ?' पसलेले हाँस्दै जवाफ दिए, 'जुन छाने पनि सय रुपैयाँ, त्योभन्दा एक रुपैयाँ बढी पर्दैन, ढुक्कले लानुस् ।' त्यसपछि उनले २ दर्जन केरा किनिन् । 'केही महिनाअघि यही केरा दर्जनको ३ सय ५० देखि ४ सय रुपैयाँ तिरियो,' उनले भनिन्, '१ सयमै किन्ने बेच्ने दिन पनि आउने रहेछ ।' बजारमा स्वदेशमै उत्पादित केरा एकैचोटि उच्च मात्रामा भित्रिँदा यतिबेला व्यापार नै सस्तो बनेको व्यवसायीले बताएका छन् । थोकमा आपूर्ति बढे पनि चाडपर्व सुरु भइनसकेकाले खुद्रा बजारमा ग्राहक चहलपहल कम छ । नयाँ बानेश्वरका खुद्रा फलफूल व्यवसायी शनि साहले अहिले केराको व्यापार सुस्त रहेको बताए । 'थोक बजारमा केरा छ्यापछ्याप्ती छ, केरा छिट्टै पाक्ने र बिग्रने फल भएकाले कुहिएर फाल्नुपर्ने डरले हामी सस्तोमै बेचिरहेका छौं,' साहले भने, 'अहिले त मुस्किलले १ सयदेखि १ सय २० रुपैयाँ दर्जनमा बेचिरहेका छौं ।' घटस्थापना लागेपछि व्यापार बढ्ने र थोकमा नै महँगो तिर्नुपर्ने हुँदा उपभोक्तालाई पनि अहिलेभन्दा महँगो पर्न जाने उनको भनाइ छ ।

**आपूर्ति उच्च हुँदा व्यापार सुस्त**

बजारमा देशका धेरै जिल्लाबाट एकैचोटि ठूलो परिमाणमा केरा भित्रिँदा यतिबेला केरा व्यापार सुस्त बनेको र खुद्रा व्यापारीले खासै किन्न नखोजेको थोक व्यवसायी बताउँछन् । नेपाल फलफूल थोक व्यवसायी संघ अध्यक्ष अमर बानियाँका अनुसार बजारमा केरा आपूर्ति उच्च हुँदा खपत कम छ । केरा फालाफल भएर बिक्न छाडेको उनको भनाइ छ । राजधानीको मुख्य फलफूल बजार कुलेश्वरमा अहिले दैनिक ठूलो परिमाणमा केरा भित्रिरहेको छ । 'सबैतिरबाट एकैचोटि केरा भित्रिएको छ, जसले गर्दा बजार केराले भरिभराउ भएको छ,' अध्यक्ष बानियाँले अनलाइनखबरसँग भने, 'अहिले कुलेश्वर बजारमा मात्रै दैनिक ५० देखि सय वटासम्म साना ट्रक/गाडीमा केरा भित्रिरहेको छ ।' उच्च आपूर्तिका कारण अहिले बजारमा केराको मूल्य स्थिर र तुलनात्मक रूपमा सामान्य रहेको उनी बताउँछन् । बानियाँका अनुसार खुद्रा बजारमा अहिले गुणस्तर हेरेर १ सय ५० रुपैयाँसम्ममा केरा बिक्री भइरहेको छ । त्यसैगरी थोक बजारमा पनि गुणस्तरकै आधारमा कार्टुनको ९ सयदेखि १ हजार २ सय र क्रेटको ९ सयदेखि १ हजार रुपैयाँसम्म केराको कारोबार भइरहेको उनले जानकारी दिए । तर, आपूर्तिको यो चाप र सुस्त व्यापार धेरै दिन नरहने बानियाँको भनाइ छ । सोह्र श्राद्ध सकिएर दसैं सुरु हुनेबित्तिकै केराको माग ह्वात्तै बढ्ने र त्यसपछि मूल्य पनि आकासिने उनले बताए । 'सबैतिरबाट एकैचोटि आएकाले सोह्र श्राद्धसम्म खासै बिक्री हुँदैन,' अध्यक्ष बानियाँले भने, 'तर, घटस्थापनादेखि बिक्री सुरु हुन्छ र माग बढेपछि फेरि केरा महँगो पर्छ, यो महँगी छठ पर्वसम्मै कायम रहन्छ ।' चाडपर्वमा फलफूलको माग अत्यधिक हुने भएकाले अहिले आपूर्ति उच्च भएर सुस्त रहेको बजार घटस्थापना लगत्तै तातिने व्यवसायीको आकलन छ ।

**चाडपर्वमा पनि उपभोक्ताले सस्तोमा केरा पाउँछन् : उत्पादक**

नेपाल केरा उत्पादनमा पूर्ण रूपमा आत्मनिर्भर बनेको र स्वदेशमै व्यावसायिक केरा खेतीको व्यापक विस्तार भएसँगै अब भारतबाट केरा आयात गर्नुपर्ने अवस्था अन्त्य भएका कारण उपभोक्ताले अब सस्तो मूल्यमै केरा खान पाउने केरा उत्पादकहरूले दाबी गरेका छन् । केरा उत्पादन बढेसँगै बजारमा केराको मूल्यसमेत सस्तिएको र नजिकिँदै गरेका दसैं, तिहार र छठजस्ता ठूला चाडपर्वमा उपभोक्ताले सस्तो मूल्यमै पर्याप्त केरा पाउने नेपाल केरा उत्पादक महासंघले बताएको छ । महासंघ अध्यक्ष विष्णुहरि पन्तका अनुसार अहिले देशका विभिन्न जिल्लामा केराको उत्पादन उल्लेख्य बढेको छ । 'अब नेपाललाई चाहिने केरा देशमै उत्पादन भइसक्यो, उत्पादन बढेसँगै मूल्य पनि घटेको छ,' अध्यक्ष पन्तले भने, 'कुनै पनि व्यापारीले मलाई केरा चाहियो भन्दा नपाउने अवस्था अब छैन, बाह्रै महिना पुग्ने केरा नेपालमै उत्पादन भइरहेको छ ।'

**मूल्य घटेर ४० देखि ६० रुपैयाँ दर्जन**

अध्यक्ष पन्तका अनुसार तीज अघिसम्म बगानबाटै प्रतिदर्जन ८० देखि १ सय रुपैयाँसम्म बिक्री भइरहेको केराको मूल्य अहिले भारी मात्रामा घटेको छ । हाल किसानले बगानबाट जी-नाइन र चिनी चम्पा जातका केरा प्रतिदर्जन ४० देखि ६० रुपैयाँको बीचमा बिक्री गरिरहेका छन् । 'जी-नाइन र चिनी चम्पा केराको मूल्य लगभग एउटै छ, यो मूल्य किसान र उपभोक्ता दुवैका लागि चित्तबुझ्दो छ,' पन्तले भने । यद्यपि, बजारमा मालभोग केराको उत्पादन भने कम रहेकाले यसको मूल्य बगानमै प्रतिदर्जन ८० देखि १ सय रुपैयाँसम्म रहेको उनले बताए । महासंघका अनुसार यो सस्तो मूल्य दसैं, तिहार, छठ हुँदै माघ-फागुनसम्मै कायम रहने छ । चैत लागेपछि भने 'अफ-सिजन' सुरु हुने भएकाले मूल्यमा केही वृद्धि हुन सक्ने छ ।

**यी हुन् केरा उत्पादनका पकेट क्षेत्र**

पछिल्लो समय नेपालका तराई र भित्री मधेसका जिल्लामा एउटै किसानले ५० देखि १ सय बिघासम्म क्षेत्रफलमा व्यावसायिक केरा खेती गरिरहेका छन् । अध्यक्ष पन्तका अनुसार हाल नवलपरासी (पश्चिम सुस्ता), कञ्चनपुर, कैलाली, चितवन, बाँके, बर्दिया, मोरङ, सुनसरी, झापा, बारा, रौतहट र सर्लाहीमा व्यापक रूपमा केरा उत्पादन भइरहेको छ । नेपाल केरामा आत्मनिर्भर हुनुमा सरकारले लिएको कूटनीतिक र व्यावहारिक नीतिको ठूलो हात रहेको महासंघले जनाएको छ । सरकारले केरा आयातमा लागु गरेको 'बायो सेक्युरिटी' (जैविक सुरक्षा) नीतिका कारण बाहिरबाट आउने केरा रोकिएपछि नेपाली किसानले त्यसलाई ठूलो अवसरका रूपमा लिएका थिए । प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रले पानामा टीआर-४ भाइरसको उच्च जोखिमका कारण गत वर्ष असोजदेखि नै स्वदेशी केरा खेती जोगाउन भन्दै भारतबाट हुने आयातमा कडा मापदण्ड लागु गरेको थियो । त्यसपछि नेपाली बजारमा स्वेदेशी केरा नआउँदा अभाव नै भएकाले उपभोक्ता चर्को मूल्य तिर्न बाध्य भएका थिए । 'सरकारले बायो सेक्युरिटीको हिसाबमा काम गरेपछि केरा आयातमा रोक लाग्यो, किसानले यसलाई अवसरका रूपमा लिएर आृनो मिहिनेतले उत्पादन बढाए,' अध्यक्ष पन्तले भने, 'सरकारले सही नीति लिने र किसानले मिहिनेत गर्ने हो भने के गर्न सकिँदैन र ? यो देशकै लागि गौरव गर्न लायक कुरा भएको छ ।'

**अर्को वर्षदेखि निर्यात गर्ने दाबी**

नेपालमा केराको गुणस्तर र परिमाण दुवैमा सुधार आएको महासंघको भनाइ छ । यही गतिमा उत्पादन बढ्दै गए आगामी वर्षदेखि नेपालले केरा निर्यात गर्न सुरु गर्ने अध्यक्ष पन्तले दाबी गरे । 'हामीले अहिले गुणस्तर र परिमाण दुवैमा ध्यान दिएका छौं, यही रूपले जाने हो भने ठ्याक्कै एक वर्षपछि यतिखेरको सिजनमा हामीले केरा निर्यात गर्नुपर्ने अवस्था आउँछ,' पन्तले दाबी गरे । चितवनमा सुपरजोन क्षेत्रमा १ हजार ८ सय ५० हेक्टरमा केरा खेती हुँदै आएको महासंघ तथ्यांक छ । नेपालमा मालभोग, जी-नाइन र चिनी चम्पा जातको केरा खेती हुँदै आएको छ । गत वर्ष फागुनमा सरकारले गरेको अध्ययन अनुसार सन् १९९० को दशकयता नेपालमा केरा खेतीको क्षेत्रफल र उत्पादनमा ६ देखि ७ गुणाले वृद्धि भएको छ । करिब ५ हजार हेक्टरभन्दा कम क्षेत्रफलबाट सुरु भएको केरा खेती अहिले लगभग १७ हजार हेक्टरमा विस्तार भएको छ ।

*-अनलाइन खबर डटकम*

# आज विश्व पर्यटन दिवस मनाइँदै




**पाल्पा,** असोज १०/ विश्वभर आज विश्व पर्यटन दिवस विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदैछ । पर्यटनको महत्व, यसको सामाजिक-आर्थिक योगदान तथा दिगो पर्यटन प्रवर्द्धनबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले हरेक वर्ष सेप्टेम्बर २७ मा यो दिवस मनाउने गरिन्छ ।

विश्व पर्यटन संगठनको आह्वानमा मनाइने यस दिवसले पर्यटनलाई आर्थिक विकाससँगै सांस्कृतिक आदानप्रदान, रोजगारी सिर्जना र स्थानीय समुदायको समृद्धिसँग जोडेर हेर्ने अवसर प्रदान गर्छ । नेपालमा पनि विश्व पर्यटन दिवसका अवसरमा पर्यटनसम्बन्धी विभिन्न कार्यक्रम आयोजना गरिँदैछन् । खपर्यटन व्यवसायी, सरकारी तथा गैरसरकारी निकाय र पर्यटन क्षेत्रसँग सम्बन्धित संघसंस्थाले पर्यटकीय गन्तव्यको प्रवर्द्धन, पर्यटन पूर्वाधार विकास तथा पर्यटकलाई गुणस्तरीय सेवा उपलब्ध गराउने विषयमा जोड दिँदै आएका छन् । प्राकृतिक तथा सांस्कृतिक विविधताले सम्पन्न नेपालमा पर्यटन क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण आधारका रूपमा रहँदै आएको छ । हिमाल, पहाड र तराईका भौगोलिक विविधतासँगै धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले नेपाललाई स्वदेशी तथा विदेशी पर्यटकका लागि आकर्षक गन्तव्य बनाएको छ । विश्व पर्यटन दिवसले पर्यटनबाट प्राप्त हुने लाभ स्थानीय समुदायसम्म पुऱ्याउँदै वातावरण र सम्पदाको संरक्षणसहित दिगो पर्यटन विकास गर्नुपर्ने आवश्यकतालाई समेत उजागर गर्दै आएको छ । नेपालमा गुणस्तरीय पर्यटन प्रवर्द्धनका लागि पर्वतारोहण र पर्वतीय पदयात्रा नै मुख्य हो । यसको थप व्यवस्थापनमा राज्यले समेत जोड दिनु पर्ने पर्यटन व्यवसायीहरु बताउँछन् । नेपाल विशेषगरी साहसिक पर्यटन र धार्मिक पर्यटनका लागि अन्तर्राष्ट्रिय जगतमा प्रख्यात छ । पछिल्लो समयमा पर्यटनमा विविधिकरण र ब्राण्डिङमा नयाँ-नयाँ क्षेत्र पहिचान र विकास भएका छन् ।

## २५ वर्षको यात्रामा मणिमुकुन्द...

...आर्थिक बर्ष २०८२/०८३ मा १५ करोड ७४ लाख १६ हजार ५ सय ८७, आर्थिक बर्ष २०८१/०८२ मा २५ करोड २९ लाख २३ हजार २ सय २५, आर्थिक बर्ष २०८०/०८१ मा २१ लाख ८३ लाख ४४ हजार ५ सय १७ रुपैया ऋण लगानी गरेको अध्यक्ष सैजुले बताए । यसैगरी गत बर्षको आ.वि.मा ५६ लाख ३९ हजार ३४ रुपैयाँ, आ.व. ८१, ८२ मा २५ लाख ७० हजार ७ सय ३१ रुपैया, र आ.व. ०८०, ८१ मा ४५ लाख ६८ हजार ९ सय ३१ रुपैया खर्च कटाएर नाफा आर्जन गरेको अध्यक्ष सैजुले बताए ।

**घरदैलोदेखि दुर्घटना बीमासम्म**

मणिमुकुन्दको गतिविधि वित्तीय कारोबारमा मात्र सीमित छैन् । संस्थाले सदस्यको जीवनसँग जोडिएका सामाजिक सुरक्षाका कार्यक्रमलाई समेत निरन्तरता दिँदै आएको जनाएको छ । सचिव संजयराज शाक्यले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै संस्थाले वर्षभरि गरेका गतिविधिबारे जानकारी दिए । उनका अनुसार सदस्यको मृत्यु भएमा क्रियाखर्च, दुर्घटनामा बीमा, उत्कृष्ट बचतकर्ता तथा उत्कृष्ट कर्जा सदुपयोगिताका आधारमा सम्मान र ज्येष्ठ सदस्य सम्मानजस्ता कार्यक्रम सञ्चालन हुँदै आएका छन् । गत वर्ष संस्थाले रजत जयन्तीको अवसरमा विभिन्न कार्यक्रमसमेत आयोजना गरेको सचिव शाक्यले बताए । संस्थाले नियमित घरदैलो बचत सेवा, मुद्दती निक्षेप, घर निर्माण ऋण, कृषि ऋण तथा व्यापार ऋणलगायतका सेवा दिँदै आएको व्यवस्थापक लक्ष्मी शाक्यले जानकारी दिइन् । सदस्यका लागि दुर्घटना बीमा, सुत्केरी खर्च तथा क्रियाखर्चको सुविधासमेत उपलब्ध गराउँदै आएको उनले बताइन् । संस्थाका अनुसार शेयर सदस्य स्वर्गीय देवप्रसाद बज्राचार्य, स्वर्गीय देवेन्द्र लाल शाक्य, स्वर्गीय रुक्मणि अमात्य र स्वर्गीय हेलुमाया बज्राचार्यका परिवारलाई क्रियाखर्च तथा शेयर सदस्य प्रभा ठाडा र रसु महर्जनलाई सुत्केरी खर्च प्रदान गरिएको छ । साधारणसभामा कोषाध्यक्ष ज्ञानु कार्कीले विभिन्न शिर्षक अर्न्तगत रहेर गत बर्षको लक्ष्य, प्रगती, यस बर्षको लक्ष्य जानकारी दिईन । उनले गत बर्षको अनुमानित आम्दानी, ४ करोड ४० लाख ९६ हजार ५ सय रुपैया, आषाढ मसान्त सम्मको आम्दानी २ करोड ९६ लाख ३० हजार २५ रुपैया र आगामी बर्षको आम्दानी ३ करोड ११ लाख ५८ हजार बराबरको शिर्षकहरु जानकारी गराएकी थिईन । संस्थाका अध्यक्ष मधुदयाल सैजुको अध्यक्षता, उपाध्यक्ष शुसिल प्रधानको धन्यवाद ज्ञापन र सचिव संजयराज शाक्यको सञ्चालनमा साधारण सभा भएको थियो । साधारणसभामा ७५ बर्ष उमेर माथीका जेष्ठ सदस्यहरुको सम्मान, उत्कृष्ट बचत र ऋणीलाई सम्मान गरिएको थियो ।

## आजदेखि सोह्रश्राद्ध सुरु...

...यसरी सोह्रश्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्वबोध पूरा हुनुका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ । वैदिक सनातन हिन्दू धर्मावलम्बीले ठूला मांगलिक कार्य गर्नु अगाडि नान्दीमुखी श्राद्ध, पितृको मृत तिथिमा गर्ने एकोद्दिष्ट श्राद्ध, सोह्रश्राद्धमा गर्ने पार्वण श्राद्ध, सोह्रश्राद्धमा मृत्यु भएकाको सम्झनामा गरिने एक पार्वण श्राद्ध, तीर्थमा गरिने तीर्थ श्राद्ध र बखीको ब्रह्मकपाल तीर्थमा गरिने ब्रह्म कपाली जस्ता श्राद्धहरू प्रचलित रहेका छन् । पितृपक्षको पहिलो दिन आज प्रतिपदा तिथि श्राद्ध गरिन्छ । वैदिक सनातन हिन्दू धर्मावलम्बीले ठूला मांगलिक कार्य गर्नु अगाडि नान्दीमुखी श्राद्ध, पितृको मृत तिथिमा गर्ने एकोद्दिष्ट श्राद्ध, सोह्रश्राद्धमा गर्ने पार्वण श्राद्ध, सोह्रश्राद्धमा मृत्यु भएकाको सम्झनामा गरिने एक पार्वण श्राद्ध, तीर्थमा गरिने तीर्थ श्राद्ध र बखीको ब्रह्मकपाल तीर्थमा गरिने ब्रह्म कपाली जस्ता श्राद्धहरू प्रचलित रहेका छन् ।

**खेलकुद समाचार**

## नेपाल समूहविजेता बन्दै क्वाटरफाइनलमा



**काठमाडौं,** असोज १०/ २०औं एसियन गेम्सअन्तर्गत पुरुष क्रिकेटमा जापान र नेपालबीचको खेल वर्षाका कारण नतिजाविहीन भएको छ।वर्षाका कारण खेल सुरु हुनै ढिला भएको थियो। करिब एक घण्टा ढिला सुरु भएको खेल १५ ओभरमा झारिएको थियो। टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले ४ विकेट गुमाएर १४९ रन बनाएको थियो। जोरा ३२ बलमा ५७ तथा लोकेश २२ बलमा ५२ रनमा अविजित रहे। आसिफ शेखले २१ रन बनाए।

जापानका लागि रियो साकुरानो थोमस, इब्राहिम ताकाहाशी, कुसुदा नारानी र डेक्लान सुजुकीले १-१ विकेट लिए।नेपालको इनिङ सकिने क्रममा त्यहाँ फेरि वर्षा सुरु भएको थियो र पिचलाई कभरले ढाकिएको थियो। वर्षाकै कारण दोस्रो इनिङ सुरु हुनै सकेन।यो नतिजासँगै नेपाल समूह 'ए' मा २ खेलमा ३ अंक जोडेर विजेता बन्दै क्वाटरफाइनलमा प्रवेश गरेको छ। अफगानिस्तान २ खेलमा २ अंकका साथ उपविजेता बन्यो। क्वाटरफाइनलमा नेपालले श्रीलंकासँग खेल्नेछ। अफगानिस्तानले भारतसँग खेल्नेछ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

**अर्थ/कर्पोरेट समाचार**

## सार्वजनिक ऋण पौने ३० खर्ब




**पाल्पा,** असोज १०/सरकारको सार्वजनिक ऋण पौने ३० खर्ब रुपैयाँ पुगेको छ। चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो दुई महिना ( साउन(भदौ) सम्ममा सरकारको कुल सार्वजनिक ऋण २९ खर्ब ७३ अर्ब ५ करोड ९२ लाख रुपैयाँ पुगेको हो।

चालु आवको साउन एकसम्म कुल सार्वजनिक ऋण २९ खर्ब ८१ अर्ब ७० करोड २८ लाख थियो। यो दुई महिनामा सरकारले लिएको ऋण भन्दा पुरानो ऋणको साँवा भुक्तानी धेरै गरेकाले कुल ऋण दायित्व घटेको छ। यस अवधिमा विनिमय दरमा भएको परिवर्तनका कारण भने ४३ करोड ६३ लाख नोक्सानी भएको कार्यालयले जनाएको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले ल्याएको चालु आर्थिक वर्षको बजेटमा सार्वजनिक ऋण परिचालनको लक्ष्य ६ खर्ब ५८ अर्ब २८ करोड रुपैयाँ राखेका छन्। यसमध्ये भदौ मसान्तसम्म ६१ अर्ब ५ करोड ऋण प्राप्त भएको छ, जुन कुल लक्ष्यको ९.२८ प्रतिशत हो। सरकारले यस वर्ष आन्तरिक ऋण ४ खर्ब १० करोड परिचालन गर्ने लक्ष्य लिएको छ। यसमा भदौसम्म ५० अर्ब रुपैयाँ ऋण प्राप्त गरेको छ, जुन वार्षिक लक्ष्यको १२.२० प्रतिशत हो। सरकारले साउनमा २० अर्ब र भदौमा ३० अर्ब रुपैयाँ आन्तरिक ऋण प्राप्त गरेको छ। यस्तै, सरकारले बाह्य ऋण २ खर्ब ४८ अर्ब २८ करोड रुपैयाँ परिचालन गर्ने लक्ष्य लिएकोमा भदौसम्म ११ अर्ब ५ करोड रुपैयाँ ऋण प्राप्त गरेको छ। यो वार्षिक लक्ष्यको ४.४५ प्रतिशत हो। सरकारले साउनमा बाह्य ऋण ३ अर्ब ८४ करोड र भदौमा ७ अर्ब २१ करोड रुपैयाँ लिएको छ।

## पर्यटन प्रवर्द्धन गरौं

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,

-पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
-पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,

- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुऱ्याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई